आज मिति २०६९।१।२१ गतेका दिन जिल्ला विपद् व्यवस्थापन समिति-का अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री शंकर बहादुर विष्ट ज्यू अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय, दार्चुलामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिका तपशिल बमोजिमका पदाधिकारी सहितको बैठकले मनसून पूर्वतयारी कार्य योजना एवं विपद् व्यवस्थापन सम्बन्धि विविध विषयमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति

प्र.जि.अ. - श्री शंकर बहादुर विष्ट - अध्यक्ष

विशेष आमन्त्रित - जि.स.स. प्रमुख - श्री करवीर बहादुर कार्की

महाकाली न.पा. प्रमुख - श्री हंसराज भट्ट

लेकम गा.पा. अध्यक्ष - श्री परमानन्द जोशी

अपिहिमाल गा.पा. अध्यक्ष - श्री धर्मानन्द सिंह मन्याल

मार्मा गा.पा. अध्यक्ष - श्री जमन सिंह धामी

दुहु गा.पा. अध्यक्ष - श्री पुलेन्द्र बहादुर कार्की

गुल्मपति सेनानी - श्री गणेश रावल

स.प्र.ना.उ. - श्री भिम बहादुर चन्द

प्र.नि. - श्री हिम्मत बहादुर बोहरा

प्रमुख संरक्षण अधिकृत - श्री किशोर मेहता

ने.क.पा. अध्यक्ष - श्री गणेश खत्री

ने.का. सभापति - श्री ललित सिंह बोहरा

प्र.स.अ. किशोर मेहता, अपीनामपा सं.बो.

दे. प्रमुख जय राज पन्त - शि.वि. तथा ए.ई

प्रमुख शिवराज सुनार, स्वास्थ्य कार्यालय

इलाका अधिकृत दिलीप बहादुर चन्द जिल्ला इलाका कार्यालय

का.प्र. लक्ष्मी राज बिष्ट मालपोत का. दार्चुला

नेपाल स्काउट ज्वा.ब. सिंह रा.प.स. दार्चुला

मिलन राज अवस्थी दा.उ.वा. संघ, महासचिव

नर सिंह खत्री डिभिजन वन कार्यालय दार्चुला

दिपेन्द्र सिंह कुँवर का.प्र. नागरिक आवाज दार्चुला

राम सिंह धामी पर्वतीय पत्रकार महासंघ दार्चुला

रमेश सिंह खत्री फेवरेट मिडिया

निरा दत्त भट्ट रेडियो मल्लिकार्जुन

इन्द्र सिंह साउँद रेडीयो कालापानी एफ.एम.

लोकेन्द्र बहादुर धामी - राष्ट्रपत्र दैनिक/ रेडियो ...

अध्यक्ष - चक्र सिंह ह्याकी (अपि नम्पा संरक्षण क्षेत्र परिषद)

भुक्लावती चुदाबोको गैर सरकारी संस्था महासंघ)

राम बहादुर ... अ. लघु सि. वि. डि. का. दार्चुला

कलामुद्दीन अन्सारी महाकाली १० मे० आयोजना दार्चुला

अशोक राज ओझा CRDS-Nepal

विष्णु प्रसाद ओली स्याउ जों. AMAMP दार्चुला

अच्युत विनायक पन्त दार्चुला टिकुर एवं योजना

जि.ह०अ० कमल बहादुर थापा, जि.वि.स., दार्चुला

टेक सिंह कुवर स.प्र.जि.अ., जि.प्र.का. दार्चुला

## निर्णयहरु

### निर्णय नं. १

जिल्ला विपद् व्यवस्थापन समितिबाट यस पूर्व भएका निर्णयको कार्यान्वयन स्थिति, विपद् पूर्व तयारीको अवस्था लगायतका विषयमा समीक्षा गरियो ।

### निर्णय नं. २

जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०६९ (चौथो संशोधन २०७५) र मनसून पूर्व तयारी कार्य योजना २०७५ लाई आवश्यक तथ्यांक अद्यावधिक गरि समयानुकूल परिमार्जन गर्ने प्रयोजनका लागि जिल्ला स्थित सबै स्थानीय तहहरुबाट विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिमको मूल्याङ्कन, प्रभावित हुन सक्ने जनसंख्या, उपलब्ध श्रोत साधनको विवरण लगायत माग गरिएकोमा हालसम्म पनि प्राप्त भएको नदेखिई यथाशिघ्र उपलब्ध गराई दिन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

### निर्णय नं. ३

सबै स्थानीय तहहरुबाट सूचना/तथ्याँक संकलन गरि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र मनसून पूर्व तयारी कार्य योजना २०७५ लाई अद्यावधिक गरि १५ दिन भित्र सुझाव सहितको मस्यौदा पेश गर्न निम्नानुसारको एक कार्य दल गठन गर्ने ।

१. जिल्ला समन्वय अधिकारी- संयोजक
२. स.प्र.जि.अ.- सदस्य
३. अधिकृत प्रतिनिधि, नेपाल सेना, दुर्गादल गुल्म, - सदस्य
४. अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय, - सदस्य
५. अधिकृत प्रतिनिधि, सशस्त्र प्रहरी बल नं. ५० गुल्म, - सदस्य
६. अध्यक्ष, दार्चुला उद्योग बाणिज्य संघ- सदस्य
७. अध्यक्ष, गैर सरकारी संस्था महासंघ दार्चुला- सदस्य

८. अध्यक्ष, नेपाल पत्रकार महासंघ, जि.स., दार्चुला-सदस्य
९. प्रमुख, सामुदायिक ग्रामीण विकास संस्था (CRDS)- सदस्य

कार्यदलको प्रतिवेदन प्राप्त भए पछि अगामी बैठकबाट मस्यौदालाई अन्तिम रुप दिने ।

**निर्णय नं. ४**

विपद् व्यवस्थापन सम्बन्धमा सबै स्थानीय तहहरुले पूर्व तयारी तथा प्रतिकार्य योजना र मनसून पूर्व तयारी कार्य योजना निर्माण गरि सो को एक प्रति तथा विपद् व्यवस्थापनका सम्बन्धमा सूचना संकलन, सहजीकरण एवं समन्वयका लागि एक जना विपद् व्यवस्थापन सम्पर्क व्यक्ति (Focal Person) तोकी सो को जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउने ।

**निर्णय नं. ५**

विपद्को समयमा राती समेत Night Vision Helicopter मार्फत उद्धार कार्य गर्न हालसम्म उपयुक्त स्थान चयन भएको नहुँदा जिल्ला सदरमुकाम र शैल्यशिखर न.पा. को गोकुले क्षेत्रमा उपयुक्त स्थानको पहिचान गरि आवश्यक पूर्वाधार तयार गर्ने ।

**निर्णय नं. ६**

हाल जिल्ला आपतकालीन कार्य संचालन केन्द्र, नेपाल रेडक्रस सोसाईटी, जिल्ला शाखा, दार्चुला, तीन वटै सुरक्षा निकायहरुमा रहेको खोज तथा उद्धार सामाग्रीका सम्बन्धमा बैठकमा छलफल भयो । गर्मीयाम सुरु भएसंगै आगलागीको संभावना भएको, मनसूनको समयमा सार्वजनिक सडक अवरुद्ध हुने तथा पक्की घर संरचनाहरु भत्कीई तत्काल उद्धार नभएको खण्डमा ठुलो धन जनको क्षति हुन सक्ने भएकोले आवश्यक संख्यामा Wall Cutter, Wood Cutter, Metal Cutter, Fire Extenguisher, Water Bag, Emergency Rescue Headlight जस्ता उपकरण र अन्य गैर खाद्य सामाग्रीहरु सबै स्थानीय तहहरुले समयमै खरिद गरि मौज्दात राख्ने, नजिकको सूरक्षा ईकाई र जिल्ला विपद् व्यवस्थापन समिति मातहतको DEOC मा समेत उपलब्ध गराउने ।

**निर्णय नं. ७**

नेपाल रेडक्रस सोसाईटी, जिल्ला शाखाले खोज तथा उद्धार र राहत तथा पुनः स्थापना सम्बन्धी सामाग्रीको भण्डारण क्षमता बढाई पर्याप्त मात्रमा मौज्दात राख्ने ।

**निर्णय नं. ८**

सबै स्थानीय तहहरुले उपयुक्त Helli Pad, पर्याप्त खुला स्थानको व्यवस्था गरि जानकारी जिल्ला विपद् व्यवस्थापन समिति समेतलाई गराउने ।

**निर्णय नं. ९**

सबै क्षेत्रगत निकायहरु (Clusters) ले आ-आफ्नो जिम्मेवारी भित्र पर्ने विषयमा पूर्व तयारीका साथ Alert अवस्थामा रहने ।

**निर्णय नं. १०**

मिति २०७५।११।१३ गतेका दिन दार्चुला - तिंकर सडक खण्डको राताकाठामा आएको पहिरोमा पुरिई ज्यान गुमाएका नौगाड गा.पा. वडा नं. ४ बस्ने रघुविर सिंह धामीको हकवाला पत्नी गौरी देवी धामीलाई घटना स्थल प्रहरी मुचुल्का, पोस्ट मार्टम रिपोर्ट, नाता प्रमाणित, स्थानीय तहको सिफारिस समेतका

आधारमा प्रकोप पिडित उद्धार र राहत सम्बन्धी मापदण्ड (छैठौं संशोधन) २०७४ बमोजिम उपलब्ध गराईएको राहत रकम रु. १,००,०००।- (अक्षरेपी एक लाख मात्र) खर्च समर्थन गर्ने ।